ग्रामथान गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

तेतरिया, मोरङ

मितिः २०८३/०५/२५ समयः ११:०० बजे

अध्यक्षताः अध्यक्ष श्री नमो नारायण माझी बैठक संख्याः ०१

| क्र.सं. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री नमो नारायण माझी | अध्यक्ष | |
| २ | श्री गुणावती देवी थारु | उपाध्यक्ष | |
| ३ | श्री सुरेश कुमार माझी | १ नं वडाअध्यक्ष | |
| ४ | श्री यादव खतिवडा | २ नं वडाअध्यक्ष | |
| ५ | श्री रमेश कुमार भगत | ३ नं वडाअध्यक्ष | |
| ६ | श्री बद्रि नारायण माझी | ४ नं वडाअध्यक्ष | |
| ७ | श्री भेष नारायण चौधरी | ५ नं वडाअध्यक्ष | |
| ८ | श्री विर नारायाण चौधरी थारु | ६ नं वडाअध्यक्ष | |
| ९ | श्री विरेन्द्र चौधरी | ७ नं वडाअध्यक्ष | |
| १० | श्री गोमा महल्दार सार्की | का.पा. सदस्य | |
| ११ | श्री देवी कुमारी थारु | का.पा. सदस्य | |
| १२ | श्री सुमन कुमारी चौधरी | का.पा. सदस्य | |
| १३ | श्री उपेन्द्र कुमार महतो | का.पा. सदस्य | |
| १४ | श्री वैजनाथ साह | का.पा. सदस्य | |
| १५ | श्री मुरारी प्रसाद निरौला | सदस्य सचिव (प्र. प्र. अ.) | |

ग्रामथान गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

तेतरिया, मोरङ

मितिः २०८३/०५/२५ समयः ११:०० बजे

अध्यक्षताः अध्यक्ष श्री नमो नारायण माझी बैठक संख्याः ०१

| क्र.सं. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री नमो नारायण माझी | अध्यक्ष | |
| २ | श्री गुणावती देवी थारु | उपाध्यक्ष | |
| ३ | श्री सुरेश कुमार माझी | १ नं वडाअध्यक्ष | |
| ४ | श्री यादव खतिवडा | २ नं वडाअध्यक्ष | |
| ५ | श्री रमेश कुमार भगत | ३ नं वडाअध्यक्ष | |
| ६ | श्री बद्रि नारायण माझी | ४ नं वडाअध्यक्ष | |
| ७ | श्री भेष नारायण चौधरी | ५ नं वडाअध्यक्ष | |
| ८ | श्री विर नारायाण चौधरी थारु | ६ नं वडाअध्यक्ष | |
| ९ | श्री विरेन्द्र चौधरी | ७ नं वडाअध्यक्ष | |
| १० | श्री गोमा महल्दार सार्की | का.पा. सदस्य | |
| ११ | श्री देवी कुमारी थारु | का.पा. सदस्य | |
| १२ | श्री सुमन कुमारी चौधरी | का.पा. सदस्य | |
| १३ | श्री उपेन्द्र कुमार महतो | का.पा. सदस्य | |
| १४ | श्री वैजनाथ साह | का.पा. सदस्य | |
| १५ | श्री मुरारी प्रसाद निरौला | सदस्य सचिव (प्र. प्र. अ.) | |

२०८३।५।२८

## भू-उपयोग परिषद् एवं कार्यपालिकाको बैठक संख्याः१

प्रस्तावहरुः

१. कित्तागत विवरणको छलफल सम्बन्धमा ।

२. यहि २०८३ साल भाद्र १० गते रसुवामा गएको बाढीबाट भएको जनधनको क्षति सम्बन्धमा यस गाउँपालिकाबाट प्रधानमन्त्री राहत कोषमा प्रदान गर्ने राहत रकम सम्बन्धमा ।

३. विविध सम्बन्धमा ।

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस ग्रामथान गाउँपालिकाको कित्तागत विवरण संशोधनका लागि १५ दिने सूचना प्रकाशन गरिएको र सो सम्बन्धमा परेका निवेदन उपर छलफल गरी गाउँपालिकाको कित्तागत विवरण स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०८३ साल भाद्र १० गतेभोटेकोशी नदिमा आएको भिषण बाढीकाकारणरसुवा, नुवाकोट र धादिङ जिल्लामा प्रभावित पिडितलाई यस ग्रामथान गाउँपालिका अन्तर्गत रहेको सम्पूर्ण जनप्रतिनिधिहरुको १ (एक) महिनाको सेवासुविधा र अधिकृतस्तरका कर्मचारीहरुको आधारभूत तलब स्केलको ७ (सात) दिन बराबर हुन आउने तलब, सहायकस्तरका कर्मचारीहरुको आधारभूत तलब स्केलको ५ (पाँच) दिन बराबर हुन आउने तलबर श्रेणीविहीन कर्मचारीहरुको आधारभूत तलब स्केलको २ (दुई) दिन बराबरको तलब कट्टा गरी प्रधानमन्त्री राहत कोषमा जम्मा गरी सहयोग गर्ने निर्णय गरियो । साथै यस ग्रामथान गाउँपालिकाको शिक्षा समितिबाट मिति २०८३ भाद्र १८ गते भएको निर्णयानुसार गाउँपालिका अन्तर्गत रहेको शिक्षकहरुबाट सहयोगका लागि बालविकास सहयोगी, विद्यालय सहायक तथा विद्यालय कर्मचारीको २ (दुई) दिन बराबरको तलब, प्राथमिक तहका शिक्षकको ३ (तिन) दिन, निम्नमाध्यमिक तहका शिक्षकको ५ (पाँच) दिन र माध्यमिक तहका शिक्षकको ७ (सात) दिन बराबरको तलबबाट रकम कट्टा गरी प्रधानमन्त्री राहत कोषमा जम्मा गर्ने निर्णय अनुमोदन गर्ने निर्णय गरियो । यो निर्णयको कार्यान्वयन गर्न आर्थिक प्रशासन शाखालाई जानकारी गराउने समेत निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा ग्रामथान गाउँपालिका वडा नं ४ को महेन्द्र मा. वि. मा हुने महिला फुटबल प्रतियोगितामा ६० वटा जर्सि उपलब्ध गराई पाउँ भनि माग निवेदन पेश हुन आएकोमा उक्त फुटबल प्रतियोगिता सञ्चालनका लागि माग अनुसारका जर्सि उपलब्ध गराउने निर्णय ।

त्यसै गरी यस ग्रामथान गाउँपालिकाका जनप्रतिनिधीहरुलाई सामाजिक सुरक्षाकोषमा आवद्ध गराउनका लागि नियमानुसार आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

प्रमाणित

ग्रामथान गाउँपालिकाको कार्यालय, तेतरिया, मोरङ

०८३/५/२८

मुरारी प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत

## भू-उपयोग परिषद् एवं कार्यपालिकाको बैठक संख्या-१

त्यसै गरी यस ग्रामथान गाउँपालिकाबाट आ व २०८२/०८३ मा सञ्चालन भएका योजना तथा कार्यक्रमहरुको सम्बन्धमा बृहत छलफल गरी समिक्षा गरियो।

त्यसै गरी आ व २०८१/०८२ को बेरुजु रकमको बारेमा कार्यपालिका बैठकमा जानकारी भई छलफल गरियो। साथै नियमित गर्नुपर्ने बेरुजु नियमित गर्ने, असुल गर्नुपर्ने बेरुजु अशुल गर्ने र सम्परीक्षण गर्ने निर्णय गरियो।

त्यसै गरी यस गाउँपालिकामा सङ्घीय सरकार, प्रदेश सरकार र संवैधानिक निकाय तथ्य निर्देशनहरु क्रमशः कार्यान्वयन गर्ने निर्णय गरियो। साथै संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, मोरङको च. नं. २४१ र २७५ को मिति २०८३/०५/१७ गतेको पत्र प्राप्त भई सो बमोजिम कार्य प्रकृया अगाडी बढाउने निर्णय गरियो।

त्यसै गरी मिति २०८३/०५/२९ गते रहेको हरितालिका तिजको अवसरमा यस ग्रामथान गाउँपालिका अन्तर्गत रहेका महिला जनप्रतिनिधी तथा महिला कर्मचारीहरुको लागि तिज कार्यक्रम उपयुक्त समयमा आयोजना गर्ने निर्णय गरियो। साथै तिज कार्यक्रमको लागि महिला जनप्रतिनिधिहरुका लागि मात्र बढिमा रु. १,२००/- (रु एक हजार दुई सय मात्र) नबढ्ने गरी महिलाले लगाउने सारी खरिद गरी महिलाहरु प्रति सम्मान व्यक्त गर्ने निर्णय निर्णय गरियो।

त्यसै गरी ग्रामथान गाउँपलिका अन्तर्गत र यस गाउँपालिका रहेका कर्मचारी व्यवस्थापनका लागि संगठन र व्यवस्थापन सर्वेक्षण (O&M) गर्ने प्रकृया अगाडी बढाउने निर्णय गरियो।

त्यसै गरी यस गाउँपालिका तथा अन्तर्गतका वडा कार्यालयहरुमा गठन गर्नुपर्ने सुकुम्बासी समस्या सम्बन्धी समाधान सहजीकरण समिति गठन गर्न वडा नं. १, २ र ७ ले आलस्यता देखाएको, गाउँपालिकाको लिखित आदेशको समेत वेवास्ता गरेको तथा नेपाल सरकारको निर्णयको अवज्ञा समेत गरेको देखिदा यस बारेको यथार्थ व्यहोरा जानकारी जो जुन निकायहरुमा गराउनु पर्ने हो गराउन स्वीकृति दिने निर्णय गरियो।

त्यसै गरी ग्रामथान गाउँपालिका वडा नं. २ स्थित गोपिकृष्ण मणिकर्णिका हलमा जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय बेलबारीको आयोजनामा मिति २०८३/०४/२० गते भएको लागु औषध विरुद्धको महाअभियानको कार्यक्रममा उपलब्ध गराइएको खाजा, तथा अन्य विविध खर्च वापतको गाउँपालिकाको कार्यालयबाट व्यहोर्ने गरी कार्यक्रम सञ्चालन भएकोमा उक्त कार्यक्रममा भएको खर्च रकम रु. १७,८९०/- विविध खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

माथि उल्लेखित महिला खेलाडीहरुलाई ६० (साठ्ठी) वटा जर्सि र जनप्रतिनिधि महिलाहरुलाई वितरण गर्ने तिजको सारिको लागि आवश्यक बजेटको प्रबन्ध गर्ने जिम्मा अध्यक्षज्यूलाई दिने समेत निर्णय गरियो।

प्रमाणित

०८३/५/२८

ग्रामथान गाउँपालिकाको कार्यालय, तेतरिया, मोरङ

मुरारी प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत